## सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८२/०२/१६ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

२. मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना परिमार्जन सम्बन्धमा ।

३. विविध ।

## प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

**निर्णय नं १:**

यस अघि मिति २०८२/०२/१० गते बसेको गाउँ कार्यपालिकाको सोह्रौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

## प्रस्ताव नं २ मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना परिमार्जन सम्बन्धमा ।

**निर्णय नं २:**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च. नं. ३०६२ मिति २०८१/१/२१ गतेको पत्रानुसार आ.व. २०८२/८३ को लागि कर्णाली प्रदेश सरकार मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सिद्ध कुमाख गाउँपालिकाका सम्बन्धित वडा कार्यालयबाट छनौट तथा सिफारिस भई आएका योजनाहरु पठाएकोमा वडा नं १ र वडा नं ४ को आयोजनाको क्षेत्र/उपक्षेत्र फरक परेको भनि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च. नं. ३३५८ मिति २०८१/०२/१४ पत्रबाट आयोजना परिमार्जन गरी पठाउने भनी पुनः पत्रचार भएको हुदाँ तपशिल बमोजिमका आयोजनाहरु संघ, प्रदेश र स्थानीय तह वा कुनै पनि निकायबाट संचालित वा संचालन हुने आयोजनासँग दोहोरोपन नपरेको, कार्यान्वयन योग्य भएको, कार्यान्वयनको तयारी पुरा भएको जानकारी गराउदै तहाँ कार्यालयबाट उक्त आयोजनामा आवश्यक बजेट विनियोजन भए पश्चात पुनः संशोधन वा रकमान्तर गर्न नपर्ने गरी र सोको लागि अनुरोध समेत नगरिने प्रतिवद्धता व्यक्त गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

<u>तपशिल</u>

| सि.नं. | आयोजनाको नाम | वडा नं. | आयोजनाको क्षेत्र/ उपक्षेत्र | बजेट |
|---|---|---|---|---|
| १ | पटारे बगर सिचाई कुलो निर्माण योजना | १ | सिचाई | १५००००० |
| २ | बस्नेउरा खोलादेखि फागुनेखोली सम्म सिचाई कुलो निर्माण योजना | ४ | सिचाईं | १५००००० |